# काभ्रेपलान्चोक जिल्ला अदालत

धुलिखेल, काभ्रेपलान्चोक
( प्रशासन शाखा )

सूचना!! सूचना!! सूचना!!!
पहिलो पटक प्रकाशित मिति २०७६।०५।०४

यस अदालतमा सेवा लिन आउने विभिन्न मातृभाषा बोल्ने र राम्रोसँग नेपाली भाषा बोल्न र बुझ्न नसक्ने सेवाग्राहीहरुका लागि दोभाषे मार्फत उनीहरुले बोल्ने मातृभाषालाई नेपाली भाषमा उल्था गरी सेवा गर्ने र सबै भाषा भाषीका न्यायका उपभोक्ताहरुलाई न्यायको समान पहुँचमा ल्याउन योग्य दोभाषे छनौट गरी दोभाषेको सूची तयार गर्नु पर्ने भएकोले अदालतको काम कारवाहीमा दोभाषेको सेवा प्रयोग सम्बन्धी निर्देशिका २०७२ को दफा ४ बमोजिम देहाय बमोजिमका योग्यता भएका इच्छुक उम्मेदवारहारुबाट दरखास्त आव्हान गरिन्छ । साथै कानून व्यवसायीलाई प्राथमिकता दिइनेछ।

आवश्यक योग्यताः

१. उल्था गर्ने भाषा राम्रोसँग बुझ्न, बोल्न र लेख्न जानेको।
२. नेपाली भाषा राम्रोसँग बुझ्न, बोल्न र लेख्न जान्ने ।
३. नेपाली भाषा उल्था गर्न तोकिएका भाषाहरुः

- तामाङ
- अंग्रेजी
- अन्य विदेशी भाषाहरु

४. दोभाषेको पारिश्रमिकः तोकिए बमोजिम ।
५. दरखास्त दिने अवधिः सूचना प्रकाशित भएको मिति देखि १५ दिन ।
६. सूचना प्रकाशित मितिः २०७६।०५।०४
७. यस सूचना सम्बन्धी कुनै कुरा जानकारी प्राप्त गर्नका लागि सम्पर्क गर्नु परेमाः यस अदालतका श्रेस्तेदार वा प्रशासन शाखा( फोनः- ०११-४९०२२१)

यस अदालतमा पत्राचार गर्नु परेमा यस अदालतको ईमेल **Email:- infodckavre@dcourt.gov.np** मा समेत पत्राचार गर्न सकिने छ ।